annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १०, पृष्ठ ८ | काठमाडौं, आइतबार २७ वैशाख २०८३ | जेष्ठ कृष्णपक्ष नवमी, नेपाल संवत् ११४६ | SUNDAY, MAY 10, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित मूल्य : रु. १०

आवरण समाचार

# जानकी मन्दिर किन भएन विश्व सम्पदामा सूचीकृत

१ सय १५ वर्ष पुरानो मुगल, राजपुताना र मिथिला शैलीमा निर्माण भएको जानकी मन्दिर अझै विश्व सम्पदा सूचीमा सूचीकृत भएको छैन। चुनावका बेला राजनीतिक एजेन्डा बन्ने गरे पनि पदमा पुगेपछि नेताहरूले बाचा बिर्सने गरेका कारण विश्व सम्पदामा यो मन्दिर नपरेको जानकारहरू बताउँछन्। सांस्कृतिक धरोहरको संरक्षण गर्दै पर्यटनको प्रबर्द्धन र स्वरोजगारका लागि पनि जानकी मन्दिर अविलम्ब युनेस्कोमा सूचीकृत हुनुपर्ने जरुरी छ।

**मनिका झा** | *जनकपुरधाम*

विस्तृत पृष्ठ २



# सरकारमाथि सपनाले उठाइन् प्रश्न



**अन्नपूर्ण** | *काठमाडौं*

न्यायाधीशहरू सामान्यतया सार्वजनिक चासोका विषयमा पनि तटस्थ र मौन रहन्छन्। व्यावसायिक न्याय सम्पादन गर्ने व्यक्ति कुनै पनि सार्वजनिक विषय वा विवादबाट टाढा रहँदा मात्र जनमानसमा अदालतप्रतिको निष्पक्षता र विश्वास कायम रहन्छ भन्ने विश्वास गरिन्छ।

सिद्धान्ततः न्यायाधीशहरूले आफ्ना फैसला र आदेशमार्फत नै बोल्ने चलन हुन्छ। तर, कार्यपालिकाले न्यायपालिकामाथि छेडखानी गरेको बताउँदै कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले सार्वजनिक मञ्चमा नै 'न्यायिक प्रतिरक्षा'मा उत्रिएकी छन्।

संवैधानिक परिषद्ले वरीयता मिचेर प्रधानन्यायाधीश सिफारिस गरेपछि कायममुकायम प्रधानन्यायाधीश मल्ल शनिबार सर्वोच्च अदालत परिसरमा कानुन दिवसको अवसरमा भएको कार्यक्रममा क्रुद्ध देखिएकी छन्। दायाँबायाँ ४ विशिष्टलाई राखेर सपनाले वैधानिक परम्पराको हत्या गरेर गरिने स्वार्थ प्रेरित कार्यहरूले निरंकुशताको झझल्को दिने टिप्पणी गरेकी छिन्।

सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीशलाई प्रधानन्यायाधीश बनाउने परम्परा तोड्दै संवैधानिक परिषद्ले चौथो वरीयताका मनोजकुमार शर्मालाई सिफारिस गरेपछि वरिष्ठतम् न्यायाधीशसमेत रहेकी मल्लले आज्ञाकारी न्यायपालिकाको जग बसाल्ने प्रयास भइरहेको समेत बताइन्।

न्यायलाई अन्तिम गन्तव्य बनाउनुको साटो आफ्नै स्वार्थहरूको संरक्षण गर्न मुकुन्डो बनाउने कुत्सित प्रयास भइरहेकोसमेत उनले बताइन्। 'आगामी दिनहरूसम्म कुनै कारणले पनि कुनै परिस्थितिमा पनि सौदा गर्न नमिल्ने न्यायको प्रतिस्थापन गर्न सर्वकालिक आवश्यकताको विरुद्ध यो वा त्यो कारण बनाएर धराप थाप्ने दुष्प्रयासलाई सहने वातावरण त निर्माण होला भन्ने डर पनि उठिरहेको छ,' उनले भनेकी थिइन्, 'यस्तो प्रवृत्तिलाई संवैधानिक शासकीय संरचनात्मक प्रक्रियाहरूको कुनै पनि स्थितिमा ग्राह्य वा सह्य वा प्रतिरक्षात्मक दृष्टिकोणले काम गर्‍यो भने तत्कालको आफ्नो शक्तिको उन्मादमा सहन वा पुष्टि गर्न खोजियो भने पनि यसको अनित्यता बुझ्न सकिनेछ। एउटालाई खाने बाघले अर्कोलाई नखाला भनेर भन्न सकिन्न।'

संविधान यथास्थितिमा राखेर संविधानको विरुद्ध गरिने काम, क्रान्ति वा परिवर्तन हुन नसक्ने जिकिर गर्दै कामु प्रधानन्यायाधीश मल्लले बिरुप पारेर संविधानको सरोकारवाला सञ्चालकहरूको रूप सिंगार्न नसकिने चेतावनीसमेत दिइन्। 'संविधानको उल्लंघन गर्नेहरूलाई संविधानविरुद्ध उत्तरदायी नबनाएसम्म संविधानको वफादार कार्यान्वयन पनि हुन सक्दैन।

संरचना भत्काएर परिवर्तन रोज्ने बहाना खोजेर आफ्नो परिवेशको उत्कृष्टता स्थापित गर्ने प्रयासले सत्तामा रहनेको धीत मर्ला, तर विधि र विधिसंगतको अपेक्षा राख्नेहरूको स्वप्ना भंग हुने तय छ,' विधि र वैधानिक परम्पराको हत्या गरेर गरिने स्वार्थ प्रेरित कार्यहरूले निरंकुशताको झझल्को दिने बताउँदै उनले भनिन्, 'औचित्यताको नाममा विधिमा छेडखानी गर्ने कार्य स्वेच्छाचारिता शासकका लागि स्वाभाविक भए पनि विधिको शासनमा विश्वास गर्नेका लागि सह्य हुँदैन।'

विधिको शासनविरुद्ध षड्यन्त्र गर्नेविरुद्ध उठ्ने आँट, औकात र प्रतिबद्धता सबैले देखाउन सक्नुपर्ने उनको भनाइ थियो। 'यस्तो भएन भने संवैधानिक प्रणाली, प्रजातान्त्रिक व्यवस्था र न्यायपूर्ण समाजको हाम्रो परिकल्पना स्वतः सुरक्षित भइरहन्छ भनेर हामी मान्न सक्दैनौं,' उनले भनिन्।

> औचित्यताको नाममा विधिमा छेडखानी गर्ने कार्य स्वेच्छाचारिता शासकका लागि स्वाभाविक भए पनि विधिको शासनमा विश्वास गर्नेका लागि सह्य हुँदैन

सभामुख डोलप्रसाद अर्यालले न्यायपालिका पनि सरकारको स्पिड र स्पिरिटमा चल्नुपर्ने अभिव्यक्तिको कामु प्रधानन्यायाधीश मल्लले खण्डन गरिन्। 'म भन्न चाहन्छु- संविधानको स्पिरिटमा न्यायपालिका चल्न सक्छ। सरकारको स्पिरिटमा चल्न सक्छ- संविधानको स्पिरिट, सरकारको स्पिरिट। तब न्यायपालिका चल्न सक्छ जब न्यायपालिकालाई स्रोत साधनले सम्पन्न बनाउनुहुन्छ,' अर्यालकै सामु मल्लको चुनौती थियो। उनले न्यायाधीशहरूलाई अपिल गर्दै भनिन् 'डर र प्रभावमा न्याय सम्भव छैन। चाहे त्यो दुईतिहाइ सरकारको डर नै किन नहोस्, चाहे त्यो महाभियोगको डर नै किन नहोस्। डर र भयबाट मुक्त भई अदम्य साहसका साथ अघि बढ्न म सम्पूर्ण न्यायकर्मीलाई आज यहीँबाट आह्वान गर्दछु।'

सक्षम, स्वच्छ र सही न्यायको लागि प्रतिबद्ध भई काम गर्न उनले आहान गरिन्। आफू जीवनभर विभेद र अन्यायको लडाइँ लडेको उल्लेख गर्दै कामु प्रधानन्यायाधीश मल्लले भनिन्, 'कानुन व्यवसायी हुँदादेखि लडाइँ अझै बाँकी नै छ।'

» बाँकी पृष्ठ ६

# सगरमाथाको ७,९०६ मिटरसम्म खुल्यो बाटो

- शुक्रबारसम्म सगरमाथाको ७,९०६ मिटर उचाइसम्म 'रोप फिक्सिङ' सम्पन्न भई बाटो सुचारु

**शिवप्रसाद ढुंगाना** | *ओखलढुंगा*

विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि बाटो खुल्ने क्रमसँगै आरोहीहरूमा उत्साह थपिएको छ। पर्यटन विभागका अनुसार शुक्रबारसम्म सगरमाथाको ७,९०६ मिटर उचाइसम्म 'रोप फिक्सिङ' सम्पन्न भई बाटो सुचारु भएको हो।

अहिले सगरमाथाको आधार शिविर र माथिल्ला क्याम्पहरूमा सयौंको संख्यामा रहेका आरोहीहरू मौसम अनुकूल हुनासाथ शिखर प्रस्थान गर्ने अन्तिम प्रतीक्षामा रहेका छन्। पर्यटन विभागका सूचना अधिकारी हिमाल गौतमका अनुसार वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि मात्र ५० टोलीका ४ सय ९२ आरोहीले अनुमति लिएका छन्।

विभागको तथ्यांकअनुसार यस सिजनमा हिमाल आरोहणबाट मात्रै कुल १ अर्ब २४ करोड ४१ लाख २१ हजार रुपैयाँ रोयल्टी संकलन भएको छ। यसमध्ये सगरमाथाबाट मात्रै १ अर्ब ७ करोड ४० लाख ९५ हजार रुपैयाँ राजस्व उठेको छ। यस वर्ष सगरमाथा चढ्न ७९ देशका नागरिक नेपाल आएका छन्। जसमा चीनबाट सबैभन्दा बढी १ सय ९ र संयुक्त राज्य अमेरिकाबाट ७६ आरोही सहभागी छन्।



*फाइल तस्बिर*

सगरमाथा चढ्न १ सय ५ महिला र ३ सय ८७ पुरुष आरोहीले अनुमति लिएका छन्। सगरमाथाबाहेक ल्होत्सेमा १ सय २०, आमा दब्लममा १ सय ११ र मकालु १ मा ७२ आरोहीले अनुमति लिएका छन्। समग्रमा यस सिजनमा ३० हिमालका लागि १ हजार १ सय ३४ आरोहीले अनुमति लिएको विभागले जनाएको छ। बाटो खुलेपछि अनुकूल मौसमको संकेत पाउना साथ आरोहीहरूले दक्षिण मोहडाबाट शिखरमा पाइला टेक्न सुरु गर्नेछन्।

# इरानी जहाजमा अमेरिकी आक्रमण

**न्युयोर्क** (एजेन्सी): ओमानको बन्दरगाह सहर खसाबनजिकै ६ वटा इरानी कार्गो र माछा मार्ने जहाजमा अमेरिकी लडाकु जेटहरूले गरेको आक्रमणमा कम्तीमा ६ जना घाइते भएका छन्।

जहाजहरू दक्षिणी होर्मोजगन प्रान्तको बन्दर लेंगेह काउन्टीका गाउँलेहरूका थिए, काउन्टी गभर्नर फोड मोरादजादेहलाई उद्धृत गर्दै एजेन्सीले जनाएको छ। मोरादजादेहले घाइतेहरूलाई अस्पतालमा भर्ना गरिएको उल्लेख गर्दै आक्रमणको समयमा जहाजमा २० जना रहेको बताएका छन्।

इराना समाचार एजेन्सीले होर्मोजगन तटमा एक अघिल्लो रात भएको अमेरिकी आक्रमणमा कम्तीमा एक जना व्यक्तिको मृत्यु भएको र अन्य १० जना घाइते भएको रिपोर्ट गरेको थियो। आक्रमणका कारण मालवाहक जहाजमा आगो लागेको र बाँकी ४ जना बेपत्ता भएको इरनाले जनाएको छ। होर्मुजको जलक्षेत्र वरपर बिहीबार र शुक्रबार इरान र संयुक्त राज्य अमेरिकाबिच झडपहरू सुरु भएको जनाइएको छ। बिहीबार राति, इरानको मुख्य सैन्य कमान्ड, खतम अल-अन्बिया केन्द्रीय मुख्यालयले अमेरिकी सेनाहरूले दुई इरानी जहाजहरूमा आक्रमण गरेको थियो।

इरानी कमान्डका प्रवक्ता इब्राहिम जोल्फाघारीले इरानी सेनाले हालै होर्मुजको पूर्व र इरानको चाबहार बन्दरगाहको दक्षिणमा अमेरिकी सैन्य जहाजहरूमा आक्रमण गरेर ठूलो क्षति पुर्‍याएको जनाइएको छ।

# बर्दघाटमा बस दुर्घटना हुँदा १६ जना घाइते




**नवलपरासी** (अन्नपूर्ण) : बर्दघाट नगरपालिका-४ स्थित पूर्व-पश्चिम राजमार्गमा शनिबार साँझ यात्रुवाहक बस दुर्घटना हुँदा १६ जना घाइते भएका छन्। पोखराबाट महेन्द्रनगरतर्फ जाँदै गरेको ना ७ ख ५८२० नम्बरको बस साँझ करिब ७ बजे अनियन्त्रित भई सडकको दाहिने किनारमा पल्टिएको हो।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरदत्त पन्तका अनुसार घाइतेहरूको उद्धार गरी उपचारका लागि चिसापानी अस्पताल पठाइएको छ। ३१ जना यात्रु सवार रहेको उक्त बसमा रहेका अन्य १५ जना भने सकुशल छन्। दुर्घटनामा घाइते भएकाहरूको शरीरका विभिन्न भागमा चोट लागेको र उनीहरूको अवस्था सामान्यदेखि मध्यम रहेको प्रहरीले जनाएको छ।

घाइते हुनेहरूमा कास्की, नवलपरासी, कैलाली र तनहुँलगायत विभिन्न जिल्लाका यात्रुहरू छन्। घाइतेमध्ये एक जना विदेशी नागरिकसमेत रहेको प्रहरी नायब उपरीक्षक पन्तले जानकारी दिए।